CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धान

गीता

गूढार्थ दीपिका

न्त
ार्थदीपिका
२
६२५४
ा०वि०पी०पु०

ब्रह्मनिष्ठ डा० चक्रवर्ती

अद्वैत संस्था, नेपाल

मू १।-

ांन्त
१९

प्रकाशक :
हीरा गुरुङ्ग
ती शाखा प्रमुख, लंजङ्ग
द्वैत संस्था नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतज्ञता ज्ञापन

घनपोखरा खुदी वेसी शाखाका शाखा प्रमुख वयोवृद्ध श्री हीरा गुरूङ्गको गीता गूढार्थ दीपिका जस्तो ग्रन्थ प्रकाशनमा रूचि देखेर र प्रकाशित ग्रन्थ "स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालयलाई समर्पण र सर्वाधिकार समेत दिएकोमा शाखा प्रमुखज्यूको उदारता प्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

ग्रन्थको वारेमा यहाँ विवेचना गरि रहनु पर्दैन ग्रन्थ सानो छ तर ज्ञानवानको वाक्य हो, श्रद्धाले ग्रहण गरे शोक मोह नष्ट नगराई छोड्दैन । नेपाली सज्जन जिज्ञासुको हृदयमा अवश्यमेव आत्म वासना जगाई छोड्ने छ–यो हो मेरो दृढ धारणा ।

ज्ञानहरि "सरस्वती"
सर्व प्रधान उपकुलपति
अखिल अद्वैत विश्वविद्यालय
(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४३

गीता
गूढार्थ दीपिका

वेदान्त.३११

लेखक :
श्रोत्रिय ब्रह्मनिष्ठ डा. क्षितीशचन्द्र चट्टोपाध्याय
संस्थापक–अद्वैत संस्था
कुलपति–अखिल अद्वत विश्वविद्यालय
(नेपाल)

लेख संग्रहकर्ता :
अद्वैत संस्थाका केन्द्रीय सभापति
गोविन्दराम "सरस्वती"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

卐 प्रकाशक :

श्री हीरा गुरुङ्ग

शाखा प्रमुख

घनपोखरा खुदी बेसी शाखा, लंजुङ्ग

अद्वैत संस्था नेपाल ।

卐 सर्वाधिकार

"स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालय

खुदी वेनी लंजुङ्ग नेपाल ।

卐 पौष १ गते २०२८

ऐतिहासिक दिवस

卐 पहिलोपटक : १००० प्रति ।

卐 मूल्य ३/-

卐 मुद्रक :

भारती प्रेस, १/१६५ जनरलरोड नारायणगढ, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

प्रस्तुत त्रयोदश प्रश्नोत्तर मणिमाला २०२८ साल आषाढ मैन्हामा सम्मान्य कुलपति ज्यूको काठमाण्डो भ्रमणको वेला पञ्चाचार्य (पद्मपाद, देवेश्वर, हस्तामलक, त्रोटक र आनन्दज्ञान) हरूको निमित्त निर्मित वाशिष्ठ गीता ग्रन्थको निर्माण कालमा रचना भएको हो। त्यस सु – अवसरमा माडवारी सेवा समिति द्वारा संस्थापकज्यूलाई गीताको गम्भिर ज्ञानको वारेमा प्रवचन गर्न आमंत्रण गरिएको थियो; त्यसै प्रवचनको वेला यो गीता सम्वन्धी १३ प्रश्नोत्तर ग्रन्थमाला तयार भएको हो।

यस पुस्तिकामा प्रातः स्मरणीय गुरूदेवले वेदान्तको अत्यन्त गम्भीर विषयहरूलाई शास्त्र, युक्ति र आफ्नू अनुभूतिको परिचय दिएर समाधान गरि दिनु भएको छ। याहाँ १३ वटा मात्र प्रश्नोत्तर भएतापनि गीताको सम्पूर्ण प्रतिपाद्य विषयहरूलाई अत्यन्त स्पष्ट र सरल रूपले प्रतिपादन गरिएको छ। त्यसकारण सम्पूर्ण गीता अध्ययनमा यो प्रश्नोत्तर मालालाई जसले कण्ठमा धारण गर्दछ (श्रद्धा पूर्वक पढ्दछ) उसले गीताको सम्पूर्ण आशय बुझेर आफ्नू जीवनमा फलिभूत गरीकन अर्जुन झैं शोक, मोह रहित भएर जीवन्मुक्ति पद प्राप्त गर्न सक्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि लेखकले गीतामृत, गीता रहस्य, र अरू अरू नेपाली ग्रन्थ रत्नहरूमा धेरै प्रकारले गीताको सिद्धान्तको बारेमा प्रदर्शन गर्नु भएको छ। तथापि यस प्रश्नोत्तर मालामा, मुमुक्षुहरूको हितको लागी लामो प्रश्न र ब्राकेट भित्र त्यत लामो प्रश्नको संक्षिप्त सारलाई राखीकन (यसलाई विषय सूची रूपमा राखिएकोछ) विस्तृत उत्तरको प्रदर्शन र आफनो जीवनमा प्राप्त ईश्वरानुग्रहको अन्तिम फल ब्रह्म साक्षात्कारको उद्घाटन–विशेष गरीकन १२ प्रश्नको उत्तरमा गरि दिनु भएको छ। यसरी आफनू दीर्घ कालको अनुभवपूर्ण मार्गलाई प्रत्येक उत्तरमा प्रगट गरि दिनु भएकोले पुस्तिका अत्यन्त उपयोगी बन्न गएको छ। अनि गीता कस्तो गम्भीर शास्त्र रहेछ जो मधुसूदन सरस्वती जस्त ज्ञलाई पनि ईश्वरानुग्रहको प्रसादको अभावले गर्दा हुन गएका त्रुटीहरूको स्पष्ट प्रतिपादन गरी सज्जन गीता ज्ञानाभ्यासीहरू लाई द्वैत वासनाको डर लाग्दो स्थिती र अद्वैत वासनाको महानतालाई स्पष्ट प्रगट गरी दिनु भएको छ। त्यसकारण यो ग्रन्थरत्नको महीमा तिनीहरूको भन्दा ज्यादा महत्व पाइन्छ। यो कुरा स्वयं पाठक वर्गले जान्न सक्नु हुने छ।

यो ग्रन्थरत्नमा गीताको महत्वपूर्ण निर्गुण भक्ति, अखण्डाकार वृत्ति, ज्ञान निष्ठाको रहस्य र त्यसबाट उत्तीर्ण भएका ज्ञानीको लक्षण र आवरण दोष निवृत्ति आदि अत्यन्त सूक्ष्म तत्वहरू लाई ज्यादै सरल रूपले प्रत्येक प्रश्नोत्तरमा प्रगट गरि दिनु भएको छ। त्यसकारण कुनै तर्क नगरी श्रद्धाले यो ग्रन्थरत्न हेरे पछी किम्वा सुने पछी मात्र पनि गीता द्वारा प्रगट् गर्नु भएको भगवान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को अद्वैतामृत रूप (अमृत पद) लाभ गरीकन पाठक आफ्नो भिन्न (आफूलाई) मरण रहित, जन्म रहित, सदा विद्यमान ब्रह्म रूपमा पाएर कृत कृत्य बन्ने छ । यसमा कुनै शंका नै छैन ।

यस्तो ग्रन्थ संग्रह गर्ने सु-अवसर पाएकोमा मैले आफ्नू जीवन लाई सफल संझेको छ । जस्तो हीरा सानु पए पनि त्यसको महत्व ठूलो हुन्छ, त्यस्तै यो सानु ग्रन्थ भए पनि साक्षात् भवसागर तारक ज्ञान प्रधान ग्रन्थ भएको हुनाले पारङ्गी विद्वान र सज्जन मुमुक्षुको लागी यो ग्रन्थरत्न अतुलनीय छ ।

यस्तो ग्रन्थलाई आफ्नो नीजि अर्थलाई सदुपयोग, गरी प्रकाशनमा ल्याएर र फेरी प्रकाशित सबै ग्रन्थलाई जन्म-मरण रूप दीर्घ रोग सदाको लागी निवारण गर्न स्थापना भएको नेपालको एकमात्र विचार प्रधान आध्यात्मिक प्रतिष्ठान अद्वैत संस्था द्वारा सञ्चालित खुदी वेनी लंजुङ्गको "स्वरूप ज्ञापक" अद्वैत विश्वविद्यालयलाई सादर समर्पण गर्नु भएकोमा अत्यन्त उदार एवं श्रद्धालु अद्वैत संस्थाको खुदी वेनी शाखाका शाखा प्रमुख वयोवृद्ध श्री हीरा गुरुङ्गलाई संस्था र आफ्नो तर्फबाट हृदय देखी धन्यवाद ज्ञापन गर्दछु ।

हस्तामलक, वेदार्थवित्

पौष १ गते २०२८ — गोविन्दराम "सरस्वती"

ऐतिहासिक दिवस — सभापति :

अद्वैत-संस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकिय

मैले संसारमा धेरै प्रकारको सुखको अनुसन्धान गरेको ८३ वर्ष भै सक्यो । तर आज सम्म सांसारिक पदार्थ (विषय) हरूमा सुखको लवलेश पनि पाउन सकिन । उल्टो झन् झन् दुःखै दुःखमा डुबियो । संसारमा सार भन्ने वस्तु केही पनि रहेन छ । अब यो संसारमा जन्मलिन नपरोस् । कसरी यो भव बन्धनबाट छुट्ने ? कसरी यो जन्म मरणको चक्करबाट छुट्कारा पाउने ? कसरी मुक्त हुने ? यस्तो दृढ ईच्छा थियो । सोहि अवसरमा स्वर्गिय सुब्बा डिल्लिजङ गुरुङ्गसंग संगत भयो र मेरो अनन्त जन्मको पुण्य पुञ्जको उदय भै राखेको रहेछ र उहाँको माध्यमबाट परम आदरणीय ब्रह्मलिन्ठ गुरूदेव डा० श्री क्षितीशचन्द्र चक्रवर्ती एम. ए. डी. फिल. वि. एल. ज्यूको घनपोखरामा २०१८ र २०२० सालमा सुभागमन हुँदा दर्शन मिल्यो र साथै अमृतोपदेशहरू पनि सुन्न पाएँ । मेरो स्वरूप प्रति जिज्ञासा बढ्दै गयो, सत्संगमा रूचि हुँदै गयो र सत्संगका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वन्दिपुर, नारायणगढ आदि ठाउँहरूमा बृद्धतासे गर्दा ज्यादा तकलिफ भए पनि गई सत्संगका उपदेश सुनियो । त्यसपछी सम्पादक श्री गोविन्दराम "सरस्वती" ज्यू र वेदान्त सिरोमणि श्री बाबुराम 'सरस्वती' ज्यूहरूको बरावर सत्संग मिल्यो । ज्ञानवानहरूको संग र दर्शनले गर्दा मेरो शेष रहेको पापको प्रायश्चित्त भै सके छ । मेरो अज्ञानको पर्दा पनि खुल्यो । मेरो स्वरूप (आत्मा) लाई पनि मैले बडो राम्रो संग बुझें ।

म शरीर, इन्द्रिय, मन, बुद्धि अहङ्कार देखि विलक्षण र असङ्ग वस्तु हुँ. ममा कुनै किसिमको पाप र धर्म भन्ने कुरा पनि छैन । जाग्रत, स्वप्न र सुषुप्तिको पनि साक्षी, सारा कुरालाई प्रकाश गर्ने एकनाश रूपले विद्यमान रहेको तुरीय शुद्ध चैतन्य ब्रह्म वास्तव मेरो स्वरूप रहेछ भनी बुझी म धेरै कृतार्थ भएको छु । यो पाप-धर्म; जाग्रत, स्वप्न र सुषुप्ति भन्ने कुरा बुद्धिको विकार मात्र रहेछ । वास्तवमा कल्पित हुँदै नभएको वस्तु रहेछ ।

हामीहरू जस्तो अनभिज्ञ मुमुक्षुहरूको उद्धारको लागि परम आदरणीय गुरूबाट रचना गरी बक्सेको सम्पूर्ण गीताको सार रहस्य यो १३ प्रश्नोत्तर रत्नमालालाई ग्रन्थको रुपमा प्रकाशित गरी सन्तजनको समक्ष प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै आनन्द लागेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। यो ग्रन्थ लाई हृदयमा धारण गरी सम्पूर्ण गीता शास्त्रको सार तत्वलाई बुझी अमूल्य मनुष्य जीवनलाई सफलिभूत पार्नु हुन मुमुक्षुहरूले अनुरोध गर्दछु।

अन्तमा, जसको प्रसादवाट दुःखी जीव भए पनि सुखी भएँ, वृद्ध शरीर भएर पनि युवा भएँ, मरणशील भएर पनि अविनाशी भएँ यस्तो परम दयालु गुरुको पादारविन्दमा सदा कोटि कोटि शाष्टाङ्ग दण्डवत गर्छु र यो १३ ग्रन्थ रत्न स्वरूप ज्ञांपक अद्वैत विश्वविद्यालय खुवीवेनी लंजुङ्गलाई सादर समर्पण गर्दछु।

❀ हरि ॐ तत्सत् ❀

—हीरा गुरूङ्ग
शाखा प्रमुख खुदी वेनी शाखा
प. ३ नं. लंजुङ्ग घनपोखरा
अद्वैत संस्था (नेपाल)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

१.	कर्मानुष्ठानको स्वरूप	१
२.	पाप पूण्यको उत्पत्ति र विनाश ...	३
३.	निर्गुण भक्ति र चित्तको स्थिरता ...	५
४.	निर्गुण भक्ति हो ज्ञानको एक मात्र साधन ...	६
५.	भक्ति र ज्ञान	८
६.	आवरण दोषको तिवृत्ति	९
७.	चित्त र अखण्डाकार वृत्ति	१२
८.	ज्ञान प्राप्ति र ज्ञानको स्वरूप	१४
९.	तीन योगको रहस्य कुरा	१६
१०.	ज्ञानीको लक्षण	१८
११.	कर्म योगीको लक्षण	२०
१२.	भगवद्भक्ति र पूर्ण सुख प्राप्ति ...	२१
१३.	ज्ञान योगको प्रयोजन	२३
१४.	गीता ज्ञानको रहस्य कुरा	२५
१५.	भक्ति र ज्ञान	२७

परिशीष्ट

गीताको मूल लक्ष हो अद्वैतवाद ... ३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द० ६२६४
वा०वि०पी० पुस्तकालय
मू १।-

गीता गूढ़ार्थ दीपिका

[१३ प्रश्नोत्तर मणिमाला]

(१) प्र०– चित्त शुद्धि के लाई भन्दछ? अर्जुनको चित्त शुद्धि भएको थियो कि ? अर्जुनको चित्त शुद्धि स्वीकार गरे त्यो चित्त शुध्दि कर्मको अनुष्ठानवाट कसरी संभव हुन पायो ?

(कर्मानुष्ठानको स्वरुप)

उ०– कर्म योगवाट चित्तले अनात्म विषय तीर उन्मुखता लाई परिवर्जन गर्छ र निर्गुण भगवद भक्तिवाट चित्तको स्थिरता प्राप्त गर्छ (अर्थात विक्षप दोषको निवृत्ती हुन्छ) । निष्काम रुपले विहित कर्मको सम्पादन विना भित्र अन्तरात्म वास्तव स्वरुपलाई अनुभव गर्न सक्दैन ।

यसमा दुई वटा सूक्ष्म कुरा बुझ्नु आवश्यक छ :—

(१) कर्मको स्वरुप र

(२) कर्म सम्पादनको कौसल ।

कर्म हरहालतमा स्थूलरुप हुंदैन कर्म सूक्ष्म रुप पनि हुन्छ । जस्तो कर्मको जो संकल्प हो (मेरो कर्म गनु पर्छ यस्तो जो संस्कार वसात् निश्चय हुन्छ) त्यसलाई कर्म भनेको छ । अर्जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को क्षात्र संस्कारले युध्दको सङ्कल्प - रथमा बसीकन सम्पूर्ण गीता शास्त्र श्रवण गर्नुको समयमा — त्यो युध्दको सङ्कल्प बनि नै राखेको थियो । केवल जब कर्मको कौसल कृष्ण परमात्मावाट जान्न सक्यो तब आफुको कल्पित कर्ता भाव र तत् सम्बन्धि भोक्ता भावलाई श्रध्दा जनित क्षात्र संस्कारको बलले परित्याग गऱ्यो तब आफू क्षत्रियोचित युध्दरुपं कर्म (सूक्ष्म रुपले) गरेको थियो यस्तो बुझ्नुपर्छ ।

स्थूल शरीरवाट जो कर्म सम्पादित हुन्छ त्यो हो कर्मको बारेमा संस्कारोचित सङ्कल्पको स्थूलरुप मात्र । स्थूलरुप देखि त्यसको कारण जो सूक्ष्मरुप हो त्यो हो ज्यादा प्रयोजनीय । रथ वाट उत्रिकन यद्यपि अर्जुन [ज्ञान प्राप्त हुनुको पैले] लडाई गरेको थिएन तापनि क्षात्र संस्कारवाट स्वभावले खडा भएको लडाईरुप सूक्ष्मकर्म अर्जुनले निष्कामना पूर्वक गर्नु भएको थियो यस प्रकार बुझ्नु पर्दछ । मार्मिक कुरा यो हो कि लडाई पैले संस्काररुप हुन्छ र पछी शरीर इन्द्रियको चेष्टारुप बनीहाल्छ । त्यसकारण अर्जुनले सङ्कल्परुप लडाई ईश्वर पृत्यर्थ अवस्य गरेको थियो यस्तो बुझ्नु पर्छ । कर्म जोगको सार कुरा हो चित्तमा कुनै प्रकार वृत्तीको अनुत्पत्ती । कृष्ण परमात्मावाट कर्मको वारेमा जो यथार्थ उपदेश अर्जुनले प्राप्त गरेको थियो त्यसै अनुसार सूक्ष्मरुपले अर्जुनले युध्द कर्म गर्नु भएको थियो, र त्यसको फलले अर्जुनको चित्त अन्तर्मुख भएर परमात्मालाई अन्तरात्म रुपले भावना पूर्वक अनुभव गरेको थियो ।

यस्तो नियम छैन कि युध्द गर्नुको साथै साथ राज्य पालन आदि सारा कर्म गरी रहनु पर्छ ; किनकि सारा कर्म हो संस्का-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोचित कर्तव्य बुद्धिमात्र । (त्यो कर्तव्यता बुद्धि पछि स्थूलरुप प्राप्त गर्छ र यदी कर्मयोग को बारेमा ज्ञानभएन भने त्यो सूक्ष्म निश्चय – कर्ता बुद्धि र फलेच्छा पूर्वक)- स्थूल रुपता प्राप्ती गर्छ जीवलाई बन्धन गरीहाल्छ ।

यसरी अन्तर्मुखी कृत अर्जुनको चित्त अद्वैतीय आफ्नु वास्तव चैतन्य स्वरुपलाई अनुसन्धान पूर्वक निस्चय गरीकन पहिलेको चञ्चल चित्तलाई स्थिर तुल्याउनु भएको थियो । यसरी अर्जुनको शुद्ध चित्त वस्तुमा शास्त्र विरोध, युक्ति विरोध, किम्वा अनुभूती विरोध छैन ।

(२) प्र०–चित्तको मल दोष र विक्षेप दोषको स्वरुप के के हो ? अर्जित पुण्यले पापलाई नास गर्छ की ? गर्दैन भने पापको नास कसरी हुन्छ ? पापको नास नभएर पूण्य अर्जन गरेमात्र के हानी हुन्छ की ? यस्तो हानीको स्वरुप के हो । प्रसंगमा पाप र पुण्यको स्वरुपको निर्णय गर ।

(पाप पूण्यको उत्पत्ती र विनास)

उ०– चित्तको मल दोष किम्वा पाप हो । चित्तको अनात्म प्रपञ्चतीर केवल उन्मुख हुनु (अनात्म विषयलाई सामना गर्नु, विषय सीत सम्पर्क जोडी हाल्नु ह्वैन), र पूण्य हो । भित्र स्वप्रकाश रुपले विद्यमान परमात्मा वस्तुको सम्मुख हुनु स्वधर्म आचरणबाट पूण्य उत्पन्न हुन्छ र निसिद्ध आचरणबाट पाप उत्पन्न हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो दुई हो पाप र पूण्यको स्वरुप । त्यसकारण ख्याल राख्नु पर्छ कि पूण्य द्वारा पापको नास हुनु संभव छैन , किन्तु पाप र पूण्य दुई हो स्वतंन्त्र पदार्थ । दुवैको फल (दुःख भोग र सुख भोग)अ–ज्ञानि मानिसको भोग्नु पर्छ, एक द्वारा अपरको नास हुन सक्तैन ।

केवल निष्काम कर्मले पापलाई नास गर्न सक्छ । सकाम मानिसको पाप र पूण्य दुवै अर्जित हुन्छ र पाप पूण्यको विनास ईश्वर समर्पण वाहेक अरु कुनै उपायवाट संभव हुंदैन । निष्काम कर्म चित्त सुध्दिको हेतु भएको हुनाले पापको प्रनासक बन्न जान्छ ।

विक्षप हो चित्तको भिन्न भिन्न अनात्म विषय सित जुक्तता । यसप्रकार विक्षपको कारणहो चित्तको अस्थिरता । जव चित्तल वास्तव अद्वितीय आत्म स्वरुपको अनुभव गर्छ तव मात्र चित्तको स्थिरता प्राप्त हुनु संभव हुन्छ ।

एवं प्रकारले मलदोष निवारित भैकन जव चित्तको जागा रहीकन आपनो अद्वितीय चित् सुख स्वरुपमा निविष्ट हुन्छ तव चित् शुद्ध अर्थात् पाप पूण्य रहीत चैतन्य रुप वस्तुसीत अभिन्न भएर वस्दछ ।

यदी पाप निष्काम कर्म द्वारा नष्ट हुँदैन तव पापवाट दुःख र अर्जित पूण्यवाट सुख दुवै सकाम पुरुषको मिल्दै रहन्छ । संसार को निवृत्ती हुँदैन । किनकि ज्ञान प्रप्ती विना संसारको उच्छेय संभव छैन र ज्ञान प्राप्ती ज्ञानको योग्यता नहुनु सम्म कदापी संभ-व छैन । चित्त शुद्धि भए ज्ञानको योग्यता संभव हुन्छ । चित्त शुद्धि हो निष्काम कर्म र भक्तिको अनिवार्य फल । त्यसकारण केवल पूण्यवाट पापको निवृत्ति संभव नभएको हुनाले सुख र दुःख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(संसार) निवृत्त हुंदैन अर्थात् ८४ लाख योनीमा भ्रमण गरी रहनु पर्छ । तो हो ठूलो हानी ।

(३) प्र०– विक्षप दोषको निवृत्ती कसरी संभव हुन्छ त्यसको जसरी संभव हुन्छ त्यसको यथार्थ स्वरुप अनुभव पूर्वक निरुपण गर ।

(निर्गुण भक्ति र चित्तको स्थिरता)

उ०– चित्तको विक्षप दोष हो । भिन्न भिन्न अनात्म विषय हरुको आकारमा आकारीत हुनु । यदि भिन्न भिन्न ईन्द्रिय गोचर विषयहरु मानिदैन तब विक्षप दोष भन्ने कुराको संभव पनि हुंदैन त्यसैले विक्षप दोषलाई सिथिल गर्नुको बाटो हो विषयको असद् भावको बारेमा निस्चय अर्थात जगत पदार्थको अभावको बारेमा निश्चय ।

त्यसकारण विक्षप दोषको निवारक हो आफ्नु निर्गुण ब्रह्म स्वरुपताको बारेमा निश्चयको उत्पत्ती । यसैको नाम हो निर्गुण भगवत् भक्ति किम्वा ज्ञानी भक्तको भक्ति किम्वा आफ्नु वास्तव निर्गुण चित् स्वरुपको अनुसन्धान पूर्वक निश्चय किम्वा पराभक्ति । जहाँ सम्म देहाभिमान र जगत् पदार्थको अत्यन्ताभावको बारेमा भावना (निश्चय) हुँदैन त्यहाँ सम्म चित भिन्न भिन्न पदार्थ पत्ती लागि नै रहन्छ । त्यसैले सगुण भक्तिबाट चित्तको स्थिरता (विक्षप दोषको निवृत्ती) संभव हुँदैन ।

सगुण भक्ति र निर्गुण भक्तिको भिन्न ज्यादा प्रणीधान योग्य भेद विद्यमान पाइन्छ । आर्त भक्त, किम्वा अर्थार्थि भक्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त अल्प समयको लागि सगुण ईश्वरमा निवेसीत भएतापनि सगुण भगवद् भक्तिबाट चित्तको स्थिरता संभव हुँदैन। त्यसमा रहस्य कारण यो हो कि जाहाँ सम्म परमात्मा सगुण मानिन्छ अर्थात् सर्व शक्तिमान परमात्मा म देखि भिन्न भनीकन निश्चय हुन्छ र त्याहाँ सम्म चित्तको चञ्चलता रहीनै रहन्छ। जब निर्गुण परमात्मा हो सर्वात्म स्वरूप (अर्थात् मेरो वास्तव स्वरूप) तब चित्त आफु देखि भिन्न वस्तुमा स्थिर भएर स्थित हुन सक्दैन। त्यसकारण चित्तलाई स्थिर तुल्याउनको लागि आफुलाई देह रहित र ईश्वरलाई जगत् रहीत (निर्गुण निष्पपञ्च, निर्गुण) भनी जान्नु पर्दछ। कसैको चित्त आफु देखि भिन्न (अनात्म) पदार्थमा चिर काल स्थित हुन सक्दैन; केवल आफुमा नै सबैको चित्त हरहालतमा स्थित भै रहन्छ। चित्तको स्वभाव हो केवल आत्मामा पक्षपात गर्नु; अनात्म पदार्थमा चित्त स्थिर भएर कहिले पनि वस्न सक्दैन। जब भगवान मेरो नै वास्तव स्वरूप हो भनीकन मैले मान्दछु तब मात्र मात्र मेरो चित्त वास्तव निर्गुण परमात्मा स्वरूपमा सञ्जिलो सित सदाकालको लागि स्थित भै नै हाल्छ। एवं प्रकारले केवल निर्गुण भगवद् भक्ति हो चित्तको विक्षप दोषको निवारक।

(४) प्र०– भगवद् भक्ति निर्गुण हुनुमा विशेष रूपले कर्मयोगी पुरुषको के लाभ हुन जान्छ? चित्तको निश्चल तुल्याउनुमा साधन र फल के के हो विशेष रूपले निर्गुण भक्ति र ज्ञानको के सम्बन्ध छ?

(निर्गुण भक्ति हो ज्ञानको एक मात्र साधन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०– कर्म जोगी साथै साथ जो भक्ति गरी राख्छ त्यो हो सगुण भक्ति; किनकि निर्गुण भक्तिको साथ कर्म जागको प्रसंग हुन सक्दैन (किन्तु कर्म परित्याग भै हाल्छ) । त्यसकारण निर्गुण भक्ति हो चित्तको निश्चल भाव जसमा कर्ता, क्रिया र कर्म वन्दै वन्दैन । त्यती मात्र ह्वैन किन्तु कर्म जोगीको यदी केवल अन्तरात्म स्वरूप परमात्माको अनुभव भै रहन्छ तव त्यसको चित्त सगुण भक्तिवट कहिले पनि निश्चल वन्न सक्दैन । चित्तको निश्चलता तव संभव हुन्छ जव त्यसको आफ्नो वास्तव स्वरूप हो निर्गुण भगवान (केवल शुद्ध चैतन्य) तव देह किम्वा जगत पदार्थ मिथ्या हुन जान्छ (र त्यसकारण चित्त कतै तिर पनि लाग्न नसकेकोले अचल वनी हाल्छ) । यसरी कर्म जोगीको चित्तको स्थिरता प्राप्ती हो केवल निर्गुण भक्ति अवलम्वनवाट; चित्तलाई निश्चल तुल्याउनको सगुण भक्ति किम्वा अरू कुनै उपाय छैन ।

चित्तलाई स्थिर तुल्याउनेको एक मात्र साधन हो निर्गुण भगवद् भक्ति र निर्गुण भगवद् भक्तिको अवश्यम्भावी फल हो चित्तको स्थिरता प्राप्ती । निर्गुण भक्ति हो निष्प्रपञ्च भगवद् स्वरूपमा आत्मत्व निश्चय जव मेरो वास्तव स्वरूप हो केवल शुद्ध चैतन्य तव मेरो चित्त अनिवार्य रूपले प्रसान्त भएर स्थित हुन्छ (र मेरो शुद्ध चित् स्वरूपमा आत्म भावना वनी रहन्छ) ।

निर्गुण भक्तिवाट चित्त अचल हुन्छ । अचल चित्तमा आफ्नु परमात्मा स्वरूपको अनुभव संभव हुन्छ । स्वरूपको अनुभव हो ज्ञान र त्यसको अनिवार्य साधन हो चित्तको स्थिरता (अखण्ड-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार वृत्ति) । यसरी निर्गुण भक्ति विना ज्ञान कदापी संभव छैन यो शिद्ध भो ।

(५) प्र०– भक्ति कसरी ज्ञानमा पुऱ्याउँछ ? पुऱ्याउँछ भने भक्ति र ज्ञानमा पार्थक्य के हो ! भक्ति र ज्ञानको परस्पर सम्बन्धको निरूपण गर ।

(भक्ति र ज्ञान)

उ०– भक्ति र ज्ञानको सम्बन्ध हो ज्यादा सूक्ष्म । जगतको श्रष्टा ईश्वरबाट सुरु गरीकन भक्ति खास आफु देखि अभिन्न सनातन परमात्म सुख स्वरूपमा पर्यवसीत हुन्छ । सगुण भक्ति हो आफु देखि भिन्न ईश्वर सीत सम्बन्ध जोड्नु र ईश्वरको वास्तव स्वरूप जान्नुको ईच्छा बाट उत्पन्न आपनु वास्तव स्वरूप को अनुसन्धानको फलले खास आपनु वास्तव परमात्म चैतन्य स्वरूपमा पर्यवसीत हुन्छ जो चाहीं पहीले भक्त वत्सल आफु देखि भिन्न ईश्वर स्वरूप थियो त्यो श्रेष्ट भक्तिको प्राप्तीबाट आपनु वास्तव स्वरूपमा पुऱ्याई दिन्छ ।

भक्ति देखि ज्ञानको पार्थक्य हो केवल सुरूमा (जब सम्म भक्त ईश्वरको वास्तव स्वरूपको खोजी र साथै साथ आपनो वास्तव स्वरूपको अनुसन्धान गर्दैन) । जब भक्तिको उद्रेकले देहाभिमान र जगतमा सत्यता दुद्धि सिथिल हुन्छ तब आपनु वास्तव स्वरूप देखि अभिन्न ईश्वरको वास्तव स्वरूप अनुभवमा आउँछ यसरी निर्गुण भक्त आफुलाई निष्प्रपञ्च ईश्वर स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी जान्दछ । त्यसकारण निर्गुण भगवद् भक्ति (किम्वा श्रेष्ठ भक्ति) आफ्नु वास्तव स्वरूपको अनुसन्धानात्मक आफ्नु वास्तव स्वरूप प्राप्तिमा पर्यवसित हुन्छ । यस्तो भक्तिको पर्यवसान् हो ज्ञानरूप, सुरूमा भक्ति ज्ञानदेखि भिन्न प्रतीत हुन्छ त्यस-कारण गीता, अध्यात्म रामायण आदि शास्त्रमा भक्ति विना ज्ञान हुनु सम्भव छैन भनी बताईएको छ । त्यतिमात्र व्हैन यदि उत्कृष्ट (परा निर्गुण भक्ति) भएन भने भक्ति सफल हुंदैन र भक्त शास्त्रको खाल्टोमा परिहाल्छ ।

यसरी उत्कृष्ट भक्ति हो ज्ञानरूप । जाहाँ सम्म भक्ति सगुण रहन्छ त्याहाँ सम्म भक्ति ज्ञान देखि पृथक् रहन्छ । जब ईश्वर स्वरूपको जीज्ञासा हुन्छ (यो हो भक्ति तत्वको मोड्) तब ईश्वरको स्वरूप आफ्नु वास्तव अज्ञात स्वरूपमा पर्यवसीत हुन्छ । पराभक्ति अज्ञात आफ्नु स्वरूपमा पुऱ्याई दिन्छ । यसरी भक्तिको पर्यवसान हो आफ्नु वास्तव स्वरूपको अनुभवमा ।

(६) प्र०– चित्तको आवर्ण दोष के लाई भन्छ । आवर्णलाई हटाउनुको क्रम के हो र फल के हो ? आवरण दोष निवृत्त भए चित्त परिशिष्ट रहन्छ वा रहंदैन रहन्छ भने आवरण दोषको निवृत्तिको स्वरूप के ठहर्छ ?

(आवर्ण दोषको निवृत्ति)

उ०– निर्गुण परमात्मा हो विज्ञोता त्यसकारण चित्त विशिष्ट चैतन्य (ज्ञाँता) त्यसको वास्तव स्वरूप विज्ञाँतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धाकि दिन्छ। त्यस्को कारण यो हो कि विज्ञाँता रूप शुद्ध चैतन्य वास्तवमा निरावण भएतापनि त्यस्को सामुन्ने मायाँबाट उप स्थापित चित्त जव चिदाभास युक्त हुन्छ तव कल्पित ज्ञाँता भाव खडा हुन्छ र त्यस्को अधीन (त्यो सित सम्बन्ध युक्त) ज्ञेय र ज्ञान रहन्छ। यसरी चिदाभास त्रिपुटी ले गर्दा आफ्नु वास्तव चैतन्य स्वरुप (विज्ञौता) आवृत भईहाल्छ। यसरी यो सिद्ध भयो की चित्तको तीन प्रकारको वृत्तिहो आत्मा स्वरुपको आवरण ।

यो आवरणको निवृत्ति चित्तको निवृत्ति भएपछी मात्र सम्भव हुन्छ। चित्त निवृत्तिको क्रम हो :

(१) शास्त्र र जुक्ति द्वारा साभास चित्तलाई मिथ्या भनीकन बुझ्नू र त्यसपछी त्यसको मिथ्यात्व निश्चय गर्नु ।

(२) चित्त मिथ्या सिद्ध भए (चीदाभास ज्ञोंताभाव मिथ्या सिद्ध भए) ज्ञोंता भाव वास्तवमा त्यस्को अधिष्ठान साक्षी स्वरूपमा परीवशीत हुन्छ।

(३) यसरी " म साक्षी चैतन्य रूप हुँ " यस प्रकार प्रत्यय दृढ हुँदै जान्छ र।

(४) जव आफ्नु चिद्रूपताको संस्कार "म हुँ चिदाभास ज्ञौता" यसप्रकार प्रत्यय र तत्जनीत संस्कार सिथील हुँदै जान्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तब आपनु चित् स्वरूपको अनुभव दृढ रूपले स्थित (निष्कम्प) भै हाल्छ र आत्म विशेक अज्ञान (चित्त रूप आवरण) नष्ट भैहाल्छ।

यसरी आवरण दोष निवृत्त भए निरावरण सनातन आपनु वास्तव नित्य सुख स्वरूप सदा कालको लागि प्रकाशमान भै हाल्छ। चित्त रूप आवरण विनष्ट भए ज्ञाता विज्ञौतारूप भैहाल्छ अर्थात् ब्रह्म भैहाल्छ चित्तको आवर्नदोष विनष्ट भए चित रहंदैन किन्तु चित्त नास (अविद्यानास) रूप परीशिष्ट स्वप्रकाश ब्रह्म वस्तु कल्पित चित्त भाव रहीत भएर विद्यमान रहन्छ। किन्तु चित्तको आत्यन्तिक नाशको पुर्वक्ष्यणमा चित्तको अखण्डकारता (वृत्ति रहीत चीत वस्तुको स्वरूप) विद्यमान थियो तर त्यो चित्तको वास्तव स्वरूप चिद्रूप भएकों हुनाले चित्त नाशको पुर्वह्यणमा केवल अचित्त (वृत्ति रहीत चीत्तको विद्यमानता) अवश्य रहन्छ। अखण्डाकार चित्त हो वृत्ति नहुनु किन्तु चीत्त विलीन् पनि नहुनु; अर्थात् मुमुक्षु विलकुलै निदाउँदैन किम्वा अलीकतो पनि चिताउँदैन। यसरी अखण्डार चित्त (जो चार्हीं हो वेदान्त शास्त्रको निगुढ सिद्धान्त) चित्त विनाशको पूर्व ह्यिक्ष्यणमा मान्नु पर्छ।

अखण्डाकार चित्त चित्तरूप नभएको हुनाले (किन्तु चिद्रूप मात्र भएको हुनाले) आवरक चित्तको असत्भाव मानिन्छ र अखण्डाकार चित्तको परिणाम रूपले चिन्मात्र परिशिष्ट रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७) प्र०– एकता ज्ञानको स्वरूप के हो ? त्यसमा चित्त रहन्छ। को ? रहन्छ भने अज्ञाम कसरी नष्ट हुन्छ, रहँदैन भने कसरी ज्ञान सम्भव होला। यसको बारेमा राम्ररी विवेचना गर।

(चित्त र अखण्डार वृत्ति)

उ०– जसलाई जीव र ईश्वरको एकता ज्ञान भनिन्छ त्यो हो सर्वदा सिद्ध कुरा; किनकि दुई भिन्न भिन्न चिजको एकटा साधन द्वारा सिद्ध गर्न परेको छैन। जो चाहीं जीव भनी भनिन्छ वा ईश्वर भनी शास्त्रमा बताईएको छ त्यसको भित्र भेद हो केवल उपाधीकृत, ठिक जस्तो एक अखण्ड महाकाशको घट र मठ उपाधीले गर्दा घटाकाश र मठाकाश भन्ने दुई पदार्थ खडा हुन जान्छ "त्यसरी अविद्या उपाधीयुक्त चैतन्यलाई जीव भनेको छ र मायाँरूप उपाधी वशात् एक अद्वितीय चैतन्यको नाम ईश्वर पर्न जान्छ। तर उपाधीहरू हो केवल कल्पित; यसकारण उपहित भिन्न भिन्न रूपले प्रतीत भई राखेको पदार्थहरू हो वास्तवमा सर्वथा उपाधी रहीत एक अद्वितीय ब्रह्म वस्तु"।

यसरी जीव र ईश्वर भिन्न भिन्न वस्तु हैन : किन्तु अज्ञानी जनको दृष्टिकोणलाई अनुवाद गरीकन जीव र ईश्वरको भित्र अनुष्युत रूपले एक अद्वितीय ब्रह्म वस्तु विद्यमान छ भनी सर्वदा सिद्ध अद्वैत वस्तुको विद्यमानतालाई शास्त्रले कथन गरेको छ। यदी वास्तवमा वस्तु अद्वितीय नै हो तब एकता ज्ञानको प्रयोजन के छ भने यद्यपी परमार्थ सत्य वस्तु अद्वितीय नै हों तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्को वारेमा थाहा नपाईकन अज्ञानी मानिस जीव र ईश्वरलाई भिन्न भनी सम्झिन्छ । त्यसैले यो अज्ञानलाई हटाएर सर्वदा सिद्ध एकटा महावाक्यले बताएको छ । महावाक्यको आशय हो सर्वदा सिद्ध अद्वैत वस्तुको वारेमा विद्यमान अज्ञानलाई परित्याग गराउनु ।

चित्त यदि कुनै प्रकार वृत्ति युक्त भएर वस्छ तब त कुनै परिच्छिन्न वस्तुको मात्र ज्ञान हुन्छ । यहाँ तक प्रसंगमा एकता ज्ञानको अर्थ हो अद्वितीय ब्रह्म स्वरूपको ज्ञान । त्यसकारण यहाँ चित्त कुनै प्रकार वृत्ति सित युक्त भएर रहंदैन । साथै साथ चित्तको अभाव पनि हुन सक्दैन, किनकि चित्त यदि लिन हुने थियो तब एकटा ज्ञान प्राप्त हुनु संभव थिएन । त्यसैले एकटा ज्ञान (ब्रह्म ज्ञान) को लागि चित्त विद्यमान रहनु पर्छ । किन्तु कुनै प्रकार वृत्ति सीत युक्त हुनु होईन । यसरी सारा वृत्ति र रहीत चित्तको विद्यमानता एकटा ज्ञानको लागि आवश्यक छ । चित्त यदि अविद्यमान हुन्छ तब ज्ञान हुन सक्दैन यदि खण्डित (वृत्तियुक्त) भई रहन्छ । तब ब्रह्मको ज्ञान हुन सक्दैन । त्यसकारण एकटा ज्ञानको लागि अखण्डाकार चित्त आवश्यक हुन्छ ।

चित्त विद्यमान नभए अज्ञान नष्ट हुँदैन त्यसकारण चित्तको विद्यमानता (अखण्डाकार वृत्ति) अवश्य चाहिन्छ । चित्त विद्यमान नभए जब कुनै प्रकारको ज्ञान संभव छैन भने ब्रह्म ज्ञानको लागी चित्तको विद्यमानता (अखण्डाकार वृत्ति) आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन्तु चित्त वृत्ति युक्त भएर वस्दैन; यसैको नाम हो अखण्डाकार वृत्ति (चित्त विद्यमान हुन्छ तर वृत्ति हुँदैन)। अखण्डाकार वृत्तिमा जो वृत्ति शब्द राखेको छ त्यस्को अर्थ चित्तको कुनै प्रकार विकार होईन किन्तु अविकारी चित्तको वर्ताव हो।

(८) प्र०– ज्ञान हुनुमा कति काल लाग्छ। कर्म–भक्ति सम्पादनको लागि पनि कतीकाल प्रयोजन हुन्छ ? ज्ञान प्राप्तीको लक्षण के हो।

(ज्ञान प्राप्ती र ज्ञानीको स्वरूप)

उ०– पहिले ज्ञान प्राप्तीको स्वरूप बुझ्नु पर्छ। ज्ञान हो आत्म वस्तुको साक्षात् अनुभव। आत्म वस्तु हो अनुभव रूप र आत्मा अज्ञात भनी मानिएको हुनाले त्यो अज्ञानको निवृतिको लागि आत्म स्वरूपलाई फेरी अनुभव गर्नु पर्छ। यसरी अज्ञान को दुरी करणको लागि सदा प्राप्त आपनु वास्तव स्वरूपलाई अखण्डाकार वृत्तिको उत्पत्ती द्वारा फेरी अनुभव गर्नु पर्छ। अनुभव गर्नु अनुभवको जोग्यता अर्जन गर्नुको परवर्ती क्षिण हो। अर्थात् ज्ञान निष्ठा द्वारा जब स्पष्ट रूपले आत्म स्वरूपलाई अनुभव गर्नुको क्षण आउंछ तल एकं क्षिणमा आत्म स्वरूपको अनुभव भैं हाल्छ।

ज्ञान प्राप्ती हो अज्ञात आपनु स्वरूपको बारेमा श्रवण पूर्वक निश्चय गर्नु। आपनु स्वरूप हो शुद्ध चैतन्य वस्तु; त्यसो भएको हुनाले त्यो वस्तुलाई बुद्धि द्वारा जान्नु ज्ञान प्राप्ती हुँन। किनकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदा विद्यमान अनुभव रूप वस्तुलाई जान्नुको आशय हो आफुको ज्ञाता भावलाई परित्याग पूर्वक ज्ञान स्वरूप भनी निश्चय गर्नु। यस प्रकार परिपक्क निश्चय हो ज्ञान निष्ठाको फल। "म हुं शुद्ध चैतन्य स्वरूप" यसरी आफ्नो कल्पित प्रमातृ स्वरूपलाई निराकरण गरीकन जब मुमुक्षु स्थित हुन्छ तब स्वतः अखण्डाकार वृत्तिको उत्पत्ति पूर्वक आफ्नु चित् स्वरूपलाई अनुभव गर्छ (अर्थात् चित् स्वरूपलाई प्राप्त गर्छ)। यसरी ज्ञान प्राप्ति दीर्घ समयको अपेक्षा गर्दैन।

कर्म सम्पादन वास्तवमा हो आफुलाई अकर्ता चैतन्य स्वरूप भनी भावना गर्नु। भक्ति हो निर्गुण चैतन्य वस्तुलाई आफ्नु वास्तव स्वरूप भनी निश्चय गर्नु यसको कारण यो हो आफु वास्तवमा हर हालसमा हो चैतन्य वस्तु; केवल भ्रमले आफुलाई कर्ता किम्वा आफुलाई ईश्वर देखि भिन्न र ईश्वरको सरणागत भनी मानेको थियो। त्यसकारण भ्रम भावनाको अभाव पूर्वक आफ्नु यथार्थ चित् स्वरूपको चिन्तन किम्वा भावना गर्नु हो शुद्ध चित्त बन्नु। यसमा पनि दीर्घ कालको प्रयोजन छैन। अर्जुन पनि अवति दीर्घ समयमा (चाँडैनै) शुद्ध चित्त बनेर ज्ञान प्राप्त गर्नु भएको थियो। अल्पकाल दीर्घकाल हो चित्तको कल्पना मात्र; त्यो आफु अखण्ड चैतन्य स्वरूपमा कहिले पनि प्राप्त छैन। त्यसो भएको हुनाले श्रद्धा पूर्वक विचार द्वारा आफ्नु वास्तव स्वरूपको श्रवण र ग्रहमा भए आफ्नु स्वप्रकाश सनातन स्वरूपलाई प्राप्त गर्नुको योग्यता र त्यस पछि प्राप्त गर्नु दीर्घ कालको अपेक्षा गर्दैन। शुद्ध चित्त मुमुक्षुको अनिवार्य रूपले ईश्वरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नुग्रह वशात् चाँडै नै चित शुद्धि र ज्ञान प्राप्ती संभव हुन्छ ।

ज्ञानवान पुरुष भ्रमले कल्पित परिच्छिन्न जीव भावलाई परित्याग गरीकन आफनु वनातन ब्रह्म भावना प्राप्त हुन्छ । सदा प्राप्त स्वरूप ब्रह्म स्वभावलाई फेरी सदाकालको लागि प्राप्त गरीहाल्छ । ब्रह्म स्वरूप जस्तो हो ज्ञानवान पुरुष पनि त्यस्तै भैहाल्छ । अरूको दृष्टिले ज्ञानीको शरीर, मन चेष्टा आदि देखिए तापनि ज्ञानवानको दृष्टिमा त्यो दृश्यहरू हो आफनु स्वरूप भूत चैतन्य मात्र । स्वप्नबाट जागे पछि जस्तो सम्पूर्ण स्वप्नको दृश्य आफनो वास्तव चैतन्य स्वरूप भनी प्रतीत हुन्छ त्यस्तै यो दीर्घ जाग्रतबाट आफनु पारमार्थिक स्वरूपमा जागेको ज्ञानवानको दृष्टिमा सम्पूर्ण पदार्थ ब्रह्म स्वरूप भनी अनुभूत हुन्छ; जता हेरे पनि, सुने पनि, जे संझे पनि त्यो सारा हो आफनु वास्तव स्वरूप देखि अभिन्न ।

(९) प्र०— यो गीताको तीन योगको बारेमा तिम्रो स्पष्ट धारणा भएको छ कि ? पुरा धारणा भएको छैन भने त्यो कुरा कुन हो, त्यो स्पष्ट धारणा नहुनुको कारण के हो ? यदि स्पष्ट धारणा भएको छैन भने त्यो तिम्रो कसरी थाहा भो ? समग्र योगहरूको बारेमा स्पष्ट धारणा भएको छ भने तिमी योगहरूको बारेमा सूक्ष्म कुराहरू अवश्य बताउन सक्छौ कि ?

(तीन योगको रहस्य कुरा)

उ०— गीताको तीन योगको बारेमा मेरो स्पष्ट धारणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ। यसको कारण यो हो कि मैले गीतावाट कर्म योगको वारेमा सुनेर मेरो बुद्धि मेरो हृदयमा स्थित परमात्म स्वरूपलाई मैले अन्तरात्म रूपले जानेको छु; भक्ति योगको वारेमा गीतावाट सुनेर मेरो चित्त मेरो नै अन्तरात्मा, जो चाहीं वास्तवमा देहादि जगत् रहीत केवल चैतन्य मात्र हो त्यसमा मेरो चित्त स्थिर भएर वसी राखेको छ। यसरी ज्ञान निष्ठाको वारेमा गीतावाट सुनेर म अचञ्चल चित्तको सहारावाट मेरो वास्तव क्षेत्र रहीत क्षेत्रज्ञ स्वरूपलाई अनुभव गरी राखेको छु। यदी यसो भएन भने श्रीकृष्णको अर्जुन प्रति तीन योगको वारेको उपदेश निरर्थक मान्नु पर्छ। श्रद्धाले र त्यस पछि विचारले चित्त शुद्धि को वारेमा परिज्ञान भएर क्रमले आफ्नू वास्तव चैतन्य स्वरूपमा परिनिष्ठीत भए–अर्थात् आफ्नू वास्तव निष्प्रपञ्च चित् स्वरूपलाई अनुभव गर्न सके मुमुक्षुको चित्तमा कुनै प्रकारको संशय रहंदैन।

त्यसकारण यी तीन योगहरूको वारेमा सूक्ष्मातिसूक्ष्म कुरा वताउनको सामर्थ्य ईश्वरको अनुग्रहवाट मलाई प्राप्त छ। कर्म योग हो अन्तर्मुख भैकन आफ्नू सदा सिद्ध चित् स्वरूपलाई जान्नु। चित् स्वरूपलाई जान्नु सहजै सम्भव हुन्छ चित्त वृत्ति हरूलाई सिथिल तुल्याए पछि। कर्म योगको रहस्य हो म र मेरो भावलाई चित्तमा नउठाउनु र त्यसैको फल हो आफ्नु वास्तव चैतन्य स्वरूपलाई अनुभव गर्नु। भगवद्भक्तिको रहस्य हो देहादि जगद् भावनालाई वर्जन गरीकन आफ्नू वास्तव स्वरूपलाई खोज्न को लागी परमेश्वर वास्तवमा निर्गुण हो भनी बुझ्नु। रहस्य कुरा यो हो कि भक्ति केवल आफ्नू स्वरूपमा अव्यभिचारी रूपले हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबनाको लागी परमेश्वरको वास्तव स्वरूप हो मेरो स्वरूप देखि अभिन्न यस प्रकार निश्चय गर्नु पर्छ । निष्प्रपञ्च परमात्मा देहाभिमान र जगद् अभिमान परीत्याग गर्नुबाट नै अनुभूत हुन सक्छ । त्यसपछी आफ्नू वास्तव स्वरूपमा स्वतः स्थित भई राख्नु शुद्ध चित्त पुरुषको लागी सहज सिद्ध कुरा हो र ज्ञाननिष्ठा को अभ्यास परिपाक भए अर्थात् म हुँ शुद्ध चैतन्य स्वरूप भनी अनुभव जनित संस्कारको अभिवृद्धि भए – अहङ्कार ममकार संकल्प विकल्परूप सम्पूर्ण चित्त वृत्ति – जस्को कारण हो जगद् वासना, अभाव प्राप्त भैहाल्छ र चित्तको अन्तिम अखण्डाकार वृत्तिको उदित भैहाल्छ । त्यो वृत्तिमा परमार्थ सत्य निष्प्रपञ्च परमात्मा स्पष्ट रूपले भासमान भएर ज्ञानी भक्तको अज्ञान अन्धकारलाई विनष्ट गरी दिनु हुन्छ । यत्ति हो तीन योगको अत्यन्त सूक्ष्म रहस्य कुरा ।

(१०) प्र०– जसलाई पूरा अनुभव भएको छ त्यसको लक्षण कस्तो हुन्छ ? कर्म योगलाई जाने पछि त्यसको लक्षण कस्तो हुन्छ ? तिमी भगवद्भक्त बन्न सकेका छौ कि ? भगवद्भक्तको स्वरूप बताउ । भगवद्भक्त पुरा सुखी हुन्छ कि ? पुरा सुखी हुन त्यसलाई केही कमी हुन्छ कि ?

(क) ज्ञानीको लक्षणः

उ०– जसलाई आत्म स्वरूपको अनुभव पुरा भएको छ त्यसको लक्षण वास्तवमा आफूलाई जानिन्छ; अरूले जान्न सक्दैन । जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो वास्तव सुख स्वरूपलाई प्राप्त गरी सकेको छ उहां सुख-रूप बनी हाल्नु हुन्छ – सदा आनन्दरूप आफूलाई आफूमा प्राप्त गरेर स्थित रहनु हुन्छ। तर यस प्रकार भित्रको स्थिती अरूबाट जानिंदैन। त्यसैले शास्त्रमा ज्ञानवानको लक्षण स्वसंवेद्य भनी भनिएको छ।

तापनि मुमुक्षु जनको हितको लागी ज्ञानी पुरुषको बाहिरी लक्षण पनि शास्त्रमा बताइएको छ। आफ्नू वास्तव स्वरूपमा स्थित ज्ञानी सन्तुष्ट देखिन्छ र प्रारब्ध वशात् कहिले विकारी देखिएतापनि त्यो विकार क्षणिक मात्र देखिन्छ। यसरी ज्ञानी पुरुषमा राग, द्वेष,काम, क्रोध तटस्थ व्यक्तिको दृष्टिमा मानिन्छ; तापनि यस प्रकार चित्तको विकारहरू दीर्घकाल रहँदैनन्।

वास्तवमा ज्ञानी पुरुषको प्रारब्ध हुँदैन; किनकि ज्ञानी वास्तवमा ज्ञान स्वरूप ब्रह्मनै हुनु हुन्छ। यो हो ज्ञानीको वास्तव र स्वसंवेद्य स्थिती। तिनको परसंवेद्य स्थिती देखिन्छ–तिनको सन्तोष, निर्विकार, निरीच्छित स्वभाविक स्थितीमा। यसरी स्थित प्रज्ञ, भगवद्भक्त, गुणातीत पुरुष र अतिवर्णाश्रमी भनेकन गीता, सुतसंहीता आदि शास्त्रमा ज्ञानीको लक्षण बताइएका छन्।

जो यो दीर्घ स्वप्नरूप जाग्रत्बाट परमार्थ आफ्नू वास्तव स्वयं प्रकाश ब्रह्म स्वरूपमा जाग्नु भएको छ उहां तैजस पुरुषको विश्व रूपले जस्तो स्थिती हुन्छ त्यस्तै–आफ्नू सच्चिद् सुख रूपमा सदा कालको लागी सहज रूपले स्थित देखिन्छ। यस्तो सहज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थिती हो ज्ञानवान पुरुषको मुख्य लक्षण। तटस्थ दृष्टिले कल्पित ज्ञानीको प्रारब्ध जनित सुख दुःख विकारबाट ज्ञानी वास्तवमा चलायमान हुनुहुन्न; तापनि तथाकथित प्रारब्ध भोगको वेला पनि ज्ञानी पुरुष आफ्नू वास्तव सहज सुख स्वरूपमा नै स्थित रहनु हुन्छ। वास्तवमा अलिकति पनि स्वरूपबाट चलायमान हुँदैन। प्रारब्ध वसात् शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, विकारी देखिएतापनि अलिकति अन्तरंग दृष्टिले हेरे ज्ञानी भित्र बाट सदा सिद्ध सहज सुख रूप स्थिती लक्षित हुन्छ, किनकि उहां आफ्नो सनातन आनन्द स्वरूपमा सर्वदा स्थित रहनु हुन्छ।

(ख) कर्म योगीको लक्षणः

कर्म योगी कर्म माथी द्वेष गर्दैन र कर्ममा आशक्त पनि हुँदैन। आफू वास्तव अकर्ता हो भनीकन जानेर (अनुभव गरेर) शरीर, इन्द्रिय द्वारा स्वभाव सिद्ध कर्म सम्पादित भै रहेतापनि कर्मयोगी पुरुष आफूलाई कर्ता भनी मान्दैन। कर्मानुष्ठानको कारण हो शरीर इन्द्रियादि उसमा कर्ता आफू होईन किन्तु कर्ता हो देहेन्द्रियादि अवच्छिन्न चैतन्य। जब शरीर इन्द्रिय चेष्टा गर्दैन तब पनि कर्मयोगी आफूलाई अकर्ता भनी मान्दैन किनकि कर्मबाट निवृत्त भएको हो देहेन्द्रिय दि किंवा तदवच्छिन्न चैतन्य। यसरी कर्म हुँदा खेरी आफू अकर्ता आपनू साक्षी स्वरूप मा स्थित हुन्छ र अकर्म (कर्मको अभाव) हुँदा खेरी आफू कर्माभावको साक्षी रूपले स्थित हुन्छ। यस प्रकार अभ्यस्त आफ्नू वास्तव कर्मको भाव किंवा अभावको साक्षी रूपले स्वभाविक स्थिती हो कर्म योगीको स्थिती। कर्म योगीको विशेषता हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभव गरिएको आफ्नू साक्षी स्वरूपमा हरहालतमा स्थिती । कर्म योगी कहिले पनि आफूलाई कर्ता किंवा अकर्ता भनी मान्दैन ।

(ग) भगवद्भक्ति र पूर्ण सुख प्राप्ती:

म भगवद्भक्त वनी सकेको छु । जसले भगवद्भक्तिको स्वरूप श्रद्धाले जानी हालेको छ त्यसले किन भगवद्भक्त वन्न नसक्ने ? साधारण मानिस आफूलाई देहेन्द्रियादि विशिष्ट चैतन्य भनी मान्दछ । त्यसको दृष्टि कहिले पनि आफ्नू वास्तव अन्तरात्म तिर गएको हुँदैन र त्यसकारण आफूलाई शरीर, मन बुद्धिसित मिलेको मेरो शरीर छ, म ईन्द्रियवान हुँ र म चित्त सित मिलेको चेतन वस्तु हुँ, यस प्रकार मान्दछ । जब कर्म योगवाट आफ्नू चित्तको प्रकाशक साक्षी स्वरूपलाई–"यो हो मेरो वास्तव स्वरूप" भनी बुझ्दछ (अनुभव गर्दछ) तव पनि ईश्वर भक्त वन्न सक्दैन ईश्वर प्रति भक्ति हो आफ्नू भित्र साक्षी रूपले अवस्थित जो चैतन्य वस्तु हो त्यसलाई भगवानको वास्तव स्वरूप भनी जान्नु । अर्थात् सर्वव्यापी सर्वात्मरूप निष्प्रपञ्च अखण्ड चैतन्य वस्तुलाई आपनो पनि वास्तव स्वरूप भनी जान्नु हो भगवद्भक्ति । भगवद्भक्त पुरुष सदा आफ्नू वास्तव अखण्ड चित् स्वरूपमा भावनाको वलले स्थित रहन्छ । त्यसको चित्त कदापि सर्वदा आफ्नू भित्र स्थित र सर्वगत् स्वयं प्रकाश सुख स्वरूप निज अव्यभिचारी साक्षी स्वरूपवाट चलायमान हुँदैन । सच्चिद् सुख स्वरूप जो निर्गुण परमात्मा हुनुहुन्छ त्यसमा मात्र जसको चित्त सहज रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थित रहन्छ त्यो हो भगवद्भक्त । जस्तो साधारण मानिस कहिले पनि आफ्नू परिच्छिन्न स्वरूप र त्यसको स्वार्थबाट विचलित हुँदैन त्यस्तै भगवद्भक्त पुरुष कहिले पनि कुनै परिच्छिन्न देहादि सम्बन्धि विषयमा आफू बुद्धि किम्वा आफ्नू बुद्धि गर्दै गर्दैन र सम्पूर्ण संसारी विषयमा असारता बुद्धि स्वभावले गर्दछ । ज्ञानि भक्त मानिस केवल अखण्ड चित् स्वरूपमा परमार्थ सत्य भनी जानेर उसैमा रमी रहन्छ ।

भगवद्भक्तको यस्तो ठूलो महिमा भएतापनि उसलाई आफ्नू वास्तव भगवद् स्वरूपको साक्षात्कार बाँकी रहन्छ । त्यसैले ज्ञानी भक्त आफू क्षेत्रज्ञ भएर पनि सम्पूर्ण क्षेत्रहरूलाई वास्तवमा मिथ्या जान्नको लागी ज्ञाननिष्ठा गरी रहन्छ। अर्थात आफू शुद्ध–चैतन्य स्वरूप हो भनी आपनु चैतन्य स्वरूपमा हरहालतमा स्थित हनुको लागी (आफ्नू वास्तव चित् स्वरूपमा स्वतः सिद्ध अवस्थानको लागी) अभ्यास गरी रहन्छ । यस्को नाम हो ज्ञानाभ्यास किम्वा ब्रह्माभ्यास अथवा निदीध्यासन । निदिध्यासन् परिपक्व भए सविकल्प समाधि प्राप्त हुन्छ र त्यसपछी त्यस्को चित्त अखण्डाकार बनी हाल्छ । अखण्डाकार वृत्तिको अनुवृत्तिलाई निर्विकल्प समाधी भनेको छ । सविकल्प समाधी रहे सम्म चित्त भगवदाकारमा आकारित रहन्छ । किन्तु सबिकल्प समाधीको परिपाक भए चित्त भगवदाकार वृत्तिलाई परित्याग गरीकन अखण्डाकार बनीहाल्छ । अखण्डाकारता हो भगवद्भक्ति, जसमा चित्त रहँदैन । यस प्रकार चित्तलाई अखण्डाकार राख्नुको अभ्यास द्वारा देहादि सम्पूर्ण जगद् वासना नष्ट हुन्छ र भगवद् भक्तिको परिपाक रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्विकल्प समाधी दशामा आफ्नू वास्तव भगवद् स्वरूपको (ब्रह्म स्वरूपको) साक्षात्कार प्राप्त हुन्छ र भगवद् भक्त ब्रह्मस्वरूप भैहाल्छ। साक्षात्कार अनन्तर भगवद् भक्तको कुनै कर्तव्य बाँकी रहँदैन; सम्पूर्ण कर्तव्यको अवशान भैहाल्छ र भगवद् भक्त कृत कृत्य वनि हाल्नु हुन्छ।

(११) प्र०– ज्ञान योगको प्रयोजन के हो ? आफ्नू स्वरूप लाई जान्नुवाट नै ज्ञानी वन्नु सम्भव हुन्छ कि ? ज्ञान योगको वारेमा तिम्रो अनुभव स्पष्ट गरेर वताउ

(ज्ञान योगको प्रयोजन)

जस्तो कर्म योगवाट आफ्नू वास्तव स्वरूप चिनिन्छ र भक्ति योगबाट ईश्वरको वास्तव स्वरूप चिनिन्छ त्यस्तै ज्ञान योग द्वारा आफ्नो वास्तव स्वरूप र ईश्वरको वास्तव स्वरुप हो एउटै वस्तु भनी चिन्नमा आउँछ यदि म र ईश्वर वास्तवमा एक वस्तु हैन भने ईश्वरको महिमा मवाट घटी हाल्छ (किनकि जहाँ सम्म म पृथक भएर रहन्छु त्यहाँ सम्म ईश्वर अद्वितीय वस्तु हुन सक्दैन) र म पनि वास्तवमा चिर सुखी हुन नसक्ने (किनकि जहाँ सम्म म देखि पृथक ईश्वर विद्यमान रहन्छ त्यहाँसम्म ईश्वरबाट मलाई अवश्य डर मँरहन्छ)। त्यसकारण जीव र ईश्वरको एकता ज्ञान अत्यन्त आवश्यक हुन्छ र ज्ञान योग द्वारा यो एकता ज्ञान (अर्थात् परमार्थ सत्य वस्तु हो अखण्ड सुखरूप सर्वदा प्रकाशमान र स्वतः सिद्ध वस्तु हो अद्वितीय) सम्भव हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब आपनू वास्तव स्वरूप हो ईश्वरको पनि वास्तव स्वरूप –अर्थात् जब वस्तु स्वरूप हो एक अखण्ड र अद्वितीय– तब केवल आपनू वास्तव स्वरूप जाने पछी ज्ञानयोग सफल हुन्छ, ज्ञानयोगले अरू कुनै नयाँ कुरालाई ज्ञापन गर्दैन । ज्ञान योगको उद्देश्य हो एक अखण्ड अद्वितीय वस्तु–जो चाहि जीवमा र ईश्वरमा अनुस्यूत रूपले, निर्विकार रूपले, परिपूर्ण रूपले विद्यमान छ, केवल त्यसलाई प्रतिपादन गर्नु । यसरी ज्ञान योग द्वारा सर्वदा सिद्ध जो एकता ज्ञान हो (अर्थात् मेरो वास्तव स्वरूप देखि अभिन्न जो ईश्वरको वास्तव स्वरूप हो त्यसलाई बोधन गराउनु) ।

कर्मयोग र भक्तियोगरूप चित्त शुद्धिको हेतुभूत साधनको परिपाकता हो ज्ञानयोग । शुद्ध चित्त पुरूष एकता ज्ञानको योग्य हुन्छ र एक अद्वितीय परमार्थ सत्य वस्तुको सम्यक् ज्ञान (साक्षात्कार) उदय भए पछि ज्ञानयोग भन्ने कुरा पूर्णता प्राप्त गर्छ । ज्ञानयोग द्वारा शुद्ध चित्त पुरूषलाई अद्वितीय सर्वात्म वस्तुको स्वरूप साक्षात् अनुभूत हुन्छ । जति कुरा जान्नु बाँकि थियो त्यो सारा ज्ञेय वस्तुको ज्ञान (एकताको साक्षात्कार) प्राप्त हुन्छ । ज्ञानयोगको पछी कुनै कुरा जान्नु बाँकी रहँदैन ।

(१२) प्र०– गीताको यथार्थ अर्थ गुढार्थ दीपिकामा बताइएको छ कि ? छैन भने त्यसको कारण के हो ? तिमीले शांकर भाष्य अनुसार गीताको अर्थ जानी सकेका छौ कि ? गीताको यथार्थ अर्थ नजाने पनि ज्ञानी बन्नु सम्भव छ कि ? तिमीमा ज्ञानीको लक्षण प्राप्त छ कि ? छैन भने कति कुराको कमि तिमीलाई देखनमा आउँछ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(गीता ज्ञानको रहस्य कुरा)

उ०– मधुसूदन सरस्वतीको गुढार्थ–दीपिका सत् प्रयत्नबाट खडा भएतापनि टिकाकारको ईश्वरानुग्रहबाट प्राप्त हुने अद्वैत वासनाको लेश पनि प्राप्त नभएको हुनाले त्यो सत् प्रयत्नबाट अयथार्थ भक्ति रूप द्वैत वासनाको धेरै पटक झिङ्गणले गर्दा गीताको तथाकथित सकाम उपासना परक र ज्ञान विरोधी फलमा पर्यवसाई भएको छ । गीताको अर्थ अद्वैतामृतरूप भए तापनि मधुसूदनको हातले अकल्पित द्वैत परक अर्थलाई प्रसव गरेको छ । मधुसूदनले कृष्ण परमात्मालाई आफ्नू वास्तव अभ्यविचारी स्वरूप भनी नमानेर र आफ्नो पृथक्कत्वलाई निश्चय गरेर गीताको अयथार्थ अर्थलाई मात्र प्रतिपादन गर्न व्यर्थ कोशिस गरेको छ । फलले गुढार्थ दीपिका शांकर भाष्य विरोधी सिद्ध भो ।

म ईश्वरानुग्रह प्राप्त पुरूष भएको हुनाले शांकर भाष्यको मर्मलाई शंकरावतार भाष्यकारको अनुग्रहले यथार्थ बुझ्न सकेको छु । गीताको अर्थ हो केवल अद्वैत परक र वेदको महावाक्य रूप केवल ऐक्यज्ञान परक । यस प्रकार एकता ज्ञान– जो चाहिं ज्ञान निष्ठाको अवश्यम्भावि फलरूप र चतुर्थी भक्तिको अनिवार्य नतिजा रूप हो– मैले क्रम क्रमले प्राप्त गर्ने सौभाग्य परमात्माको अन्तिम अनुग्रहबाट प्राप्त गरेको छु ।

शांकर भाष्य विना गीताको रहस्य कुरा [सम्यक् अर्थ] बुझ्नु कदापि सम्भव छैन । त्यसको कारण यो हो कि भक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विना ज्ञान हुँदैन र भक्ति हो आफ्नू अन्तरात्मरुप निगुण परमात्म स्वरुप भनी निश्चय गर्नु । यसैको नाम हो चतुर्थी भक्ति । यसरी अद्वैत भावना [म हुँ शुद्ध बुद्ध सदामुक्त परमात्म वस्तु भनी निरन्तर अनुभवको अनुवृत्तिद्वारा] सम्यक ज्ञानमा [ब्रह्म साक्षात्कारता] पर्यवसित हुन्छ ।

ममा परमेश्वरको अन्तिम अनुग्रहबाट ज्ञानवान पुरुषको पूरा लक्षण विद्यमान छ । मधुसुदन आदिमा जो कमी देखिन्छ, त्यो हो गीताको यथार्थ अर्थको बारेमा निश्चयको अभाव मात्र होइन परिपुष्ट द्वैत वासनारूप अयथार्थ भक्तिको जडता । जसको चित्तमा यो भक्ति जाडय परमात्माको अनुग्रहबाट दुरीभूत भइसकेको हुन्छ । जसको चित्तमा परमात्मा मजासित आविर्भूत हुन्छ त्यसको अज्ञान अन्धकारलाई समूल विनाश गरिदिनु हुन्छ । उपनिषदमा पनि भनिएको छ कि निष्प्रपंच परमात्माको र श्री गुरुको अभेद निश्चय हुन्छ, त्यसलाई सहजै ब्रह्म साक्षात्कार उदित हुन्छ ।

(१३) प्र०– ईश्वरमा तिम्रो पुरा भरोसा उत्पन्न भएको छ कि ? तिमी संसारको बारेमा कहिले कहिले उद्वेग किम्वा चिन्ता गछौ कि ? भगवद् भक्तको कहिले पनि ईच्छा उद्वेग चिन्ता प्राप्त हुन्छ कि ? नहुनुमा कारण के हो ? तिमी ईश्वर भक्त भए तिम्रो के लाभ हुन्छ र परम सुखी हुनामा तिम्रो के बाँकि रहन्छ । भक्त र सम्यक ज्ञानीमा के भेद छ ? युक्ती र अनुभव पूर्वक विवेचना गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भक्ति र ज्ञान)

उ०– भगवद् भक्ति हो ईश्वरमा पूरा भरोसा उत्पन्न हुनु । भगवान हो निर्गुण वस्तु, यस प्रकार निर्गुण परमात्मा स्वरुपमा जसको आत्म निश्चय हुन्छ, त्यसको आपनू स्वरुप भूत ईश्वरमा पूरा भरोसा वन्नु संभव हुन्छ । जसले ईश्वरलाई आफू देखि अलिकति पनि भिन्न भनि निश्चय गर्छ त्यसको ईश्वरमा पूरा भरोसा नभएको हुनाले संस्कारको ईच्छा मृत्यु भय किम्वा आपत् संपत्मा अवश्य विकार प्राप्त भईरहन्छ । जसको ईश्वरमा पूरा भरोसा निर्गुण भक्ति वसात् उत्पन्न हुन्छ, त्यसलाई संसार-बाट कुनै प्रकारको उद्वेग किम्वा भय खडा हुन सक्दैन ।

भगवद् भक्त भएको हुनाले मेरो मनमा कहिले पनि उद्वेग किम्वा भय उत्पन्न हुन सक्दैन । सम्पूर्ण चिन्ता भय उद्वेग आदिबाट रहित हुनको लागी शास्त्रमा पूरा ईश्वर भरोसा रूप निर्गुण भगवद् भक्ति उपदिष्ट भएको छ । यो अत्यन्त मार्मिक कुरा हो कि ईश्वरमा पुरा भरोसा नभए सम्म संसारको चिन्ता भय शिथिल हुंदैन ।

अरूको दृष्टिले भगवद् भक्तको चित्तमा भय उद्वेग आदि देखनमा आउँछ; यसको कारण यो हो को ज्ञानी भक्तलाई ब्रह्म स्वरुपको साक्षात्कार भएको छैन । ज्ञानी भक्त हो पूरा भगवद् भक्त र त्यसकारण जहां सम्म आपनो वास्तव स्वरुपको सम्यक साक्षात्कार उदित हुँदैन, त्यहांसम्म अज्ञानको निवृत्ति नभएको हुनाले भय, उद्वेग आदि कदाचित् देखनमा आउँछ । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्ता, उद्वेग कदाचित् देखनमा आएतापनि भगवद् भक्तिको वलले अल्पकालमा यो भय चिन्ता दुरीभूत हुन्छ । यसमा कारण यो हो कि भय चिन्ता दुर गर्नको एकमात्र साधन हो अद्वैत आत्म तत्वको निश्चयको आवृत्ति । अर्थात् जव एक अद्वितीय परमात्म आफ्नू स्वरुपको निश्चय मनमा खडा हुन्छ, तव अनात्म वस्तुवाट जो भय चिन्ता उत्पन्न हुन्छ, त्यो नष्ट भइहाल्छ । भगवद् भक्तको विशेषता यो हो कि आपद् विपद् आएतापनि आफ्नू शुद्ध चैतन्य स्वरुपको स्मरण सम्भव हुन्छ । भगवद् भक्तको कहिले पनि चिन्ता उद्वेग आदि आउँदैन यस्तो होइन, किनकि त्यसको अज्ञान ऐले सम्म निवृत्त भएको छैन ।

चिन्ता उद्वेग आदिको विशेष प्रभाव भगवद् भक्तको उपर नपर्नाको कारण यो हो कि सारा चिन्ता भयको एकमात्र महौषधि हो आफ्नो वास्तव निर्गुण स्वरुपको स्मरण । त्यो स्मरण भगवद् भक्तको अभ्यस्त कुरा हो । त्यसो भएको हुनाले जस्को ईश्वर माथि पूरा भरोसा हुंदैन, त्यसलाई भय, चिन्ताले व्याकुल तुल्याउँछ । त्यस्तो भगवद् भक्तलाई विचलित तुल्याउँन सवदैन । भक्त सिध्रनै आफ्नू वास्तव भगवद् स्वरुपमा स्थित भइहाल्छ ।

ईश्वर भक्त हुनुवाट दुई प्रकार लाभ हुन्छ :—

(१) सामान्यलाभ अर्थात् आपद्मा धैर्य हुन्छ, र भगवद् स्वरुपको स्मरण वनी हाल्छ, जसवाट चिन्ता भय आदि चित्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकार अत्यन्त शिथिल भइहाल्छ ।

(२) विशेष लाभ, त्यो हो ज्ञानी भक्तकों ईश्वरानुग्रहबाट स्वरुप साक्षात्कार प्राप्ती अनन्तर सम्पूर्ण चिन्ता उद्वेग भयबाट अत्यन्त मुक्त हुनु ।

परम सुख प्राप्तिको लागि ज्ञानी भक्तले आफू र परमात्माको बीच जो सूक्ष्म भेद विद्यमान रहन्छ त्यसलाई साक्षात्कार वृत्तिको उत्पत्तिद्वारा विनष्ट गर्नु बाँकी रहन्छ । त्यसकारण गीताजीको अष्टादश अध्यायमा क्षेत्रज्ञ र परमात्माको भित्र जो सूक्ष्मभेद वर्तमान रहन्छ त्यसलाई विनष्ट गर्नको लागि निर्विकल्प समाधिको अभ्यास प्रयोजन छ भनी बताइएको छ । साक्षात्कारवान पुरुष परम सुख प्राप्त गर्छ; र निर्गुण भगवद् भक्ति परिपक्व भएपछि मात्र साक्षात्कार उत्पन्न हुन्छ ।

परम सुख प्राप्ती भगवद् भक्तिको साक्षात फल हो । किनकि भगवद् भक्ति भेद माथि आधारित छ । क्षेत्रज्ञ (भगवद् भक्त) र परमात्मा यो दुई वस्तु यावत् विद्यमान रहन्छ, तावत् परमसुख (जो चाहिं हो सर्वदा प्राप्त आफ्नो वास्तव सुख स्वरुप मिल्नु संभव हुंदैन) त्यसकारण परमसुख प्राप्तिको लागि ब्रह्म साक्षात्कार आवश्यक हुन्छ । ब्रह्म साक्षात्कारको पुर्व क्षण सम्म सर्वज्ञं र परमात्माको भित्र विद्यमान भेद (भेदवासना) अत्यन्त निवृत्त हुंदैन ।

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

गीताको मूल लक्ष्य हो अद्वैतवाद

यद्यपि कर्म भक्ति द्वैत वाद माथि आधारित छ तापनि कर्म भक्ति गीताको मूख्य प्रतिपादित विषय होइन । त्यसरी ज्ञान प्रकरणमा ज्ञाता, ज्ञय (क्षेत्रज्ञ, क्षेत्र) पनि द्वैत वाद माथि आधारित छ तर ज्ञान प्रकरण पनि गीताको पर्यवसान होइन ।

गीताको पर्यवसान के हो ? पर्यवसान हो–कल्पित (द्वैत परक) कर्म, भक्तिद्वारा चित्तलाई शुद्ध तुल्याइकन त्यो चित्तले कल्पित त्रिपुटीको सहाराबाट अद्वैत परमात्म स्वरुपलाई जानेर– त्रिपुटीरुप सम्पूर्ण द्वैत प्रपंचलाई आखिर मिथ्या भनी निश्चय गरेर– सम्पूर्ण द्वैत प्रपंचको निःशेषको सीमा रुपले जो स्वयं प्रकाश आत्म ब्रह्म परिशिष्ट रहन्छ, त्यसलाई गीताजी दर्शा-उनु भयो । एवं प्रकारले गीताको पर्यवसान हो अद्वैत आफ्नू वास्तव स्वरुपको सम्यक अनुभव । यो हो अद्वैतानुभव ।

(कर्म र भक्तिको भिन्न भिन्न फल)

निष्काम कर्मले चित्तको विषय उन्मुखतालाई निवारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गछ; अर्थात् चित्तको (चित वृत्ति उत्पत्तिको) प्रसारको संभावनालाई वन्द गरी दिन्छ। कर्म योगीको वृत्तियुक्त चित्तको सम्भावना नै हुन सक्दैन; किनकि निष्काम कर्मद्वारा त्यसले आफ्नू हृदयमा विद्यमान आफ्नू अन्तरात्मरुप परमात्मालाई सहसा अनुभव गरिहाल्छ। यसरी अन्तरात्म स्वरुपको क्षणिक अनुभवले त्यसको चित्तवृत्ति उत्पत्तिको सम्भावनालाई रोकी दिन्छ। यसरी कर्म योगको साथैसाथ निष्काम भक्ति योग (निर्गुण भक्ति) को अभ्यास वन्न जान्छ तव– चित्तको प्रसारको सम्भावना वद भइसकेको हुनाले– कुनै कारणले (उद्भूत वासनाले) चित्तको संभाव्य प्रसारलाई रोकि दिन्छ र भक्त आफ्नू वास्तव परमात्म स्वरूपमा चित्तलाई स्वत: स्थिर तुल्याई कन अवस्थान गर्छ। अर्थात् जव कर्म सम्पादित् हुंदैन तवपनि चित्त कुनै अनात्म विषयमा प्राप्त हुँदैन किन्तु प्रेमास्पद् आफ्नू वास्तव अखण्ड आत्म स्वरुपमा स्वभाविक रुपले स्थिर भएर अवस्थान गर्छ।

यसरी वहिर्मुखता र विक्षेप (पाप र चित्तको चंचलता) हो भिन्न भिन्न कुरा। त्यसैले आफ्नू वास्तव चिद्रूप अन्तरात्मा लाई जानिकन चित्त मल दोषलाई परित्याग गर्दछ र जो चाहिं हो। मेरो अन्तरात्म त्यो हो अद्वितीय परमार्थ चैतन्य वस्तु हो अनुसन्धान पूर्वक यस प्रकार जानिकन त्यो अद्वितीय आफ्नू वास्तव स्वरुपमा मजासित चित्तलाई स्थिर तुल्याएर वस्दछ।

(आफ्नू अद्वैत स्वरुप)

विद्वानको भाषण किम्वा कथन केवल यथार्थ वस्तुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वारेमा युक्ति संगत हुन्छ । सज्जनलाई चिन्ने एकमात्र साधन हो उसबाट यथार्थ अनुभवको कथन । यदि सज्जन पुरुषले यथार्थ कुरा बताउँदैन तब त्यसलाई सज्जन भन्नु पनि युक्ति संगत हुँदैन ।

त्यसकारण हामिहरुको दैनिक अनुभवहरुलाई विश्लेशण पूर्वक जो चाहि हो हामिहरुको भ्रान्त अनुभव त्यसलाई वर्जन गरिकन भ्रान्त अनुभवहरुको मित्र अनुष्यूतरुपले रहिराखेको अभ्रान्त अनुभव अर्थात् तीनै कालमा अवाधित सत्य वस्तु निहीत छ, त्यसको बारे २।४ शब्द बताउँछु ।

यसरी हामिहरुलाई सत्य र मिथ्या दुबै प्रकारको मिश्रित जो अनुभव प्रतिदिन भइराखेको छ, त्यसलाई विश्लेशण पूर्वक कति हिस्सा अयथार्थ अनुभव हो र कति हिस्सा हो यथार्थ अनुभव यसको विवेक गरिकन तपाईंहरूको सामनेमा म प्रतिपादित विचारद्वारा मिश्रित् अनुभवको मित्र जुन सत्य अनुभव बसी राखेको छ त्यसको उद्घाटन गर्दछु ।

त्यो सत्य अनुभव हो आत्म वस्तु किम्वा परमार्थ सत्य वस्तु । यो परमार्थ सत्य वस्तुको कुनै प्रकारले प्रत्याख्यान हुनु संभव छैन; तर अतथ्य वस्तु सित मिश्रित भइराखेको हुनाले यो तथ्य कुरा साधारण मनिसको दृष्टिमा आउँदैन । "म ज्यादा पढेको छैन," "म विद्वान हुँ" "म आज भोली चिन्तित छु–" यस प्रकार प्रतिदिन हामीहरुलाई जो निश्चय भइराखेको छ । त्यो वास्तवमा भ्रान्त अनुभव सित मिश्रित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्रान्त अनुभव रुप हो। केवल भ्रान्त अनुभव मात्र हामी-हरुले भर पर्नु उचित देखिदैन। यो 'म विद्वान हुँ, म चिन्तीत छु' भन्ने अनुभवहरु वास्तवमा साँचो हुन सक्दैन; किनकि जो चाहिं सांचो अनुभव हुन्छ त्यसको कहिले पनि अभाव हुँदैन। जो चाहीं तीनै कालमा बाधित हुँदैन किम्वा अरु कुनै प्रकार अनुभवद्वारा लंघन हुँदैन, त्यो मात्र हो यथार्थ अनुभव। म चिन्तित हुनु किम्वा म विद्वान हुनु विचार पूर्वक हेरेपछी सर्वदा काल रहंदैन, किन्तु यस प्रकार अनुभवको अभाव भइहाल्छ किम्वा यस प्रकार अनुभवरुप खंडित भइहाल्छ। जस्तो म ऐले चिन्तित छैन। म वास्तवमा यथार्थ रुपले विद्वान पनि होइन। यस प्रकार परवर्ति अनुभवद्वारा पूर्ववर्ति अनुभवको खण्डन सर्व अनुभव सिद्ध छ। यो हो युक्ति किन्तु यसप्रकार अयथार्थ अनुभव संस्कारको सहारले पनि बाधित भइहाल्छ। किनकि यो अनुभवहरु स्वतः सिद्ध होइन, अर्थात् आफूबाट प्रकाशित होइन, त्यसकारण यिनिहरुको वास्तव सत्ता पनि हुँदैन। अर्थात् सबाट प्रकाशित भइकन पनि यो क्षणिक र अयथार्थ अनुभवहरु प्रकाशित हुन पाउँछ। यदि म चिन्तित छु भन्ने अनुभवलाई म मान्दिन स्विकार गर्दिन, मेरो मनमा मले स्थान दिन्दैन, तब यो अनुभवहरु रहन सक्दैनन्। यिनीहरुको अनुभवमा कारण हो अल्पकालको लागि मेरो मनमा खडा हुन पाउनु। यसरी देखिन्छ, जो जो कुरा केवल मनमा खडा भइकन मनको अधिष्ठान साक्षी स्वरुप सबाट प्रकाशित हुन्छ, त्यसको मात्र तत्कालीन सत्तास्फुर्ति देखिन्छ। त्यसैले यी अनुभवहरु—जस्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रो म भाव र वाहिरी पदार्थ भाव ग्रथित हुन्छ (अर्थात् जस्को दुई हिस्सारुप भीत्र जगत् सम्वन्धि किम्वा आईडियालिष्टिक् र वाहिर जगत् सम्वन्धित किम्वा रियालिष्टिक् हिस्साबाट बन्दछ– त्यो वास्तवमा साँचो हुन सक्दैन । साचो अनुभव हो, त्यो अद्वैत वस्तु (मेरो वास्तव चैतन्य स्वरुप जस्मा भित्रो जगत् रुप आईडियालिष्टिक् हिस्सा र वाहिरी जगत् रुप रियालिष्टिक् हिस्सा अभाव प्राप्त हुन्छ । किम्वा समन्वय युक्त हुन्छ) ।

यसरी विश्लेशण पूर्वक आपनू वास्तव स्वरुपलाई फला पारे देखि "म चैतन्यरुप हुँ" भन्ने जो अनुभव हुन्छ, त्यो हो अभ्रान्त अनुभव । अभ्रान्त अनुभव माथि सारा आगन्तुक क्षणि अयथार्थ अनुभवहरु कल्पित हुन्छ । जस्मा कल्पित हुन्छ त्यो हो सद्वस्तु र चैतन्य वस्तु र जुन अनुभवहरु आगन्तुक रुपले त्यो मेरो चित् स्वरुपमा कल्पित हुन्छ । यसको क्षणिक भ्रान्त अनुभव परंपरा मेरो चित् स्वरुपबाट प्रकाशित भएर साँचो झैं प्रतित हुन्छ । तर यसको प्रतीति हो अल्प-काल स्थाई र परिवर्तनशील । यस्तो अनुभवहरु यथार्थ अनुभव होइन, त्यसैले यस्तो अनुभवहरु माथि हामीले भर नपरीकन त्यो चान्चुन् तुच्छ अयथार्थ अनुभवहरुलाई मिथ्या भनिकन जानेपछी मेरो जो वास्तव सत्ता र स्फुर्ति त्यो प्रग भइहाल्छ । अर्थात् म मेरो वास्तव स्वरुपलाई अनुभव गरि हाल्न सक्छु । जो चाहिं अनुभव कहिले पनि कुनै प्रकारक माथिल्लो अनुभववाट वाधित् हुन सक्दैन, यसको नाम हो अद्वैतानुभव ।

❀ समाप्त ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

	प्रत्यावर्तनतिथिः	
३		
४		
५		
६		
७		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा गीता दर्शनको कैयन टीका, व्याख्या र अर्थ
पनि मानिस गीता दर्शनलाई राम्ररी बुझ्न स
पुस्तिकाले गीता दर्शनको परिभाषालाई सरल
संक्षिप्त रुपले यथार्थ संग देखाएको छ। डा० चन्द्र
श्रद्धा पूर्वक यस दीपिकाको अध्ययनले मानिस गी
बुझ्न सक्ने छ र फल स्वरूप अर्जुन झैं शोक र मो
पाउने छ।

बेद
गीता, यू

मुद्रक :—
भारती प्रेस, १/ १६५ कमरमराड नारायणगढ, चित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu